जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक २९ २०७९ साल फागुन २१ गते आइतवार (5 Mar 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** हनुमाननगर कंकालिनिमा पहिला ... **पृष्ठ ३ मा :** समयमै उपचार गरे ... **पृष्ठ ४ मा :** विद्यार्थी संगठन र स्ववियु ... **पृष्ठ ५ मा :** पाकिस्तानी रुपैयाँ फेरि ...

# रंगहरुको त्योहार होलीको पनि रौनकता हराउँदै

# परम्पराको संरक्षण गर्दै मर्यादित रुपमा होली पर्व मनाउन प्रहरीको आग्रह



**राजविराज/** तराई मधेशमा एकपछि अर्को पर्वहरुको रौनक घट्दै गइरहेको छ। हिन्दुहरुको महान पर्व वडा, तिहार जस्तो पर्वमा रौनकता घट्दै गएपछि अर्को रंगहरुको त्योहार होलीको पनि रौनकता हराउँदै गइरहेको छ।

एक आपसमा रंग, अबिर खेल्दै मनाइने उत्साह र उमंगको प्रसिद्ध धार्मिक पर्व होलीको रौनक घट्दै गएको पाइएको छ। विगत तीन वर्ष कोरोनाका कारण रौनकता घटेको होली पर्वको उत्साह यस वर्ष पनि घटको छ। यस बाहेक बढ्दो महंगी र घट्दो आयका कारण पनि होलीको उत्साह घट्दै गएको हो।

होली पर्वको २/३ दिन अघि देखि नै यहाँका माडवारी समुदाय बाजार क्षेत्रमा ढोल (नगारा) सहित एकत्रित भएर आफ्नो भाषामा गाउने गरेको होली गीत यस वर्ष पनि सुनिएको छैन। ष

व्यवसायिक मन्दीका साथै बहिर रहेका अधिकांश परिवारका सदस्य समेत यसपल्ट होली मनाउन नफर्केका कारण विगतका कार्यक्रमलाई निरन्तरता दिन नसकिएको माडवारी युवा मञ्चका सल्लाहकार बैजु जोशी बताउँछन्। होलीमा प्रयोग हुने रंग, अबिर, पिचकारी तथा खाद्य परिकारको समेत मूल्य बढेका कारण होलीको आगमन हुन १/२ दिनमात्र बाँकी रहँदा पनि रौनकता नदेखिएको उनको भनाई छ।

होली सुरु हुनु एक/दुई दिन अगावै नै माडवारी समुदाय सँगै अन्य समुदायका युवाहरुको समूह समेतले होलीको गित गाउँदै र ढोल बजाउँदै बजार क्षेत्रमा नाचगान गर्दै होलीको स्वागत गर्न आतुर देखिन्थे। तर, अहिले त्यस्तो समूह र दृश्य देख्न छाडिएको छ।

मैथिली साहित्य परिषद्का अध्यक्ष सतिश दत्तले नगरका पाका र अगुवाले छाडेर गएका परम्परा नयाँ पुस्ताका युवाले नअगालेपछि होलीको रौनकता घट्दै गएको सुनाए। पुरानाले अंगालेको परम्परा नयाँले अंगाल्न चाहँदैन अब के गर्ने ? उनको भनाई छ। उनले यो अभिभारा अब नयाँ पुस्ताले उठाउनु पर्ने र यसको संरक्षण र सम्वर्द्धनमा सबैले सहयोग गर्नु पर्ने बताए।

यता जिल्ला प्रहरी कार्यालयले होलीमा जबरजस्ती रंग हाल्ने, लोला हान्ने र विकृत गतिविधि नगर्न सबैसँग अपिल गरेको छ। शनिवारदेखि बजारको चौक चौकमा म्याकिङ मार्फत प्रहरीले खुला रुपमा मद्यपान, धुम्रपान जस्ता विकृति पूर्ण कार्य नगर्न समेत सचेत गराउँदै होली पर्वलाई शान्त, सुरक्षित र मर्यादित ढंगले मनाउन आग्रह गरिरहेको छ। प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले मनोरञ्जन गर्न पाइने तर, त्यसका नाममा विकृति गर्नेलाई नछाडिने भन्दै मर्यादित रुपमा होली मनाउन सबैसँग अनुरोध गरिएको बताए।

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :-** ९८०५७११२२२

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# मुख्यमन्त्रीको प्रेस सल्लाहकारमा वरिष्ठ पत्रकार अग्रहरी नियुक्त



**राजविराज/** मधेश प्रदेश सरकारका मुख्यमन्त्रीको प्रेस सल्लाहकारमा वरिष्ठ पत्रकार सीताराम अग्रहरी नियुक्त भएका छन्।

कोशी प्रदेशको सुनसरी जिल्ला दुहबी नगरपालिका निवासी वरिष्ठ पत्रकार अग्रहरीलाई शनिबार मुख्यमन्त्री सरोजकुमार यादवले प्रेस सल्लाहकारमा नियुक्त गरेका हुन्।

गोरखापत्र संस्थानका पूर्व महाप्रबन्धक, गोरखापत्र दैनिकका पूर्वप्रधान सम्पादक समेत उनी रहिसकेका छन्।

**फागुपर्व सभ्य रुपमा मनाऔं।**

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं।
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं।
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

चाडपर्वलाई मौलिकरुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### होलीको संस्कृतिक जोगाउन जरुरी

रंगहरुको बहुप्रतिक्षित पर्व होली । उल्लास र समानताको यस पर्वले मानव मात्रमा कल्याण एवं भाइचाराको सन्देश प्रवाह गर्दछ । हाम्रा संस्कृतिहरुले हामीलाई केही न केही सन्देश दिइरहेका हुन्छन् । जब हामी हाम्रा दैनिकी गतिविधिबाट थाकेर विश्रान्तिका लागि कसैको काँधको अपेक्षा गरिरहेका हुन्छौं, त्यति बेला पर्वहरु हाम्रा लागि सम्बल भई दिन्छन्, बाँच्ने आधार बनेर आउँछन् । होली पनि हाम्रो पौराणिक पर्व हो । तर, होलीले समयको तरंगसँगै आफ्नो पुरानो स्वरुपलाई परिवर्तन गरेको छ । होलीको स्वरुप परिवर्तन सकारात्मक भने पक्कै होइन । होलीका परम्परागत गीत र लोक बाजाहरुका सट्टा आधुनिक अश्लील गीतहरुले लिँदै गइरहेको छ । अश्लील शब्द र अश्लील गीतहरुको बढ्दो प्रयोगले नयाँ शैलीको होली विकसित हुँदै गएको महसुस हुन थालिएको छ । यसरी विस्तारै यस प्रकारको होलीले प्रश्रय पाउँदै आफ्नो आकार नबढाउला भन्न सकिन्न ।

हामी हाम्रा सन्ततिका लागि भोलि यस्तै होली परम्परा हस्तान्तरण गर्ने सपना पक्कै पनि बोकेका छैनौं होला । तर, पनि मादक पदार्थको घैंटोमा चुर्लुम्म डुबेर ढलको पानी छ्याप्दै, ओठमा गाली भुण्ड्याउँदै आफुलाई संस्कृतिको संवाहक ढान्ने प्रवृत्तिमा कमी आएको देखिन्न । निर्बाध रुपमा आफ्ना सांस्कृतिक निर्वहन गर्ने वातावरण बन्न जरुरी छ ।

आउँदा दिनहरुमा हाम्रा पर्वहरु स्फुर्तिको संचरणको पर्याय तथा धार्मिक, सांस्कृतिक आस्थाकै रुपमा कायम रहुन, र यसका लागि युवा वर्गले नै सक्रिय भूमिका खेल्नु सक्नुपर्दछ । होलीलाई शालीन रुपमा मनाउन पाउने वातावरणको सृजना हुन आवश्यक छ । अहिले होलीलाई हाम्रो संस्कृतिको अंश भन्न हामीलाई नै लाज लाग्न थाल्नेछ । तसर्थ होलीको सांस्कृतिक महत्व एवं मर्यादालाई जोगाउन जरुरी छ ।

# हनुमाननगर कंकालिनिमा पहिलो पटक राष्ट्रपति रनिङ शिल्ड

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा पाँच वर्षको अवधीमा पहिलो पटक नगर स्तरिय प्रथम राष्ट्रपति रनिङ शिल्ड तथा माध्यमिक विद्यालय स्तरिय खेलकुद प्रतियोगिता आयोजना गरेको छ ।

भारदहस्थित विपि स्मारक पब्लिक माध्यमिक विद्यालयको खेलमैदानमा सम्पन्न प्रतियोगिताको हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख बरेन्द्र माझी र प्रदेशसभा सदस्य मो. सकिलले ब्यानर अनावरण गरेर उद्घाटन गरेका थिए ।

प्रतियोगितामा नगरका इष्टर्न ज्योती सेकेन्ड्री स्कुल, शिशु कल्याण विद्या मन्दिर, कंकालिनी माध्यमिक विद्यालय, महाविर माध्यमिक विद्यालय, सप्तकोशी सेकेन्ड्री स्कुल, मधवापुर माध्यमिक विद्यालय, रम्पुरा माध्यमिक विद्यालय र विपि स्मारक पब्लिक माध्यमिक विद्यालय गरि ८ विद्यालयका भण्डै ७ सय ५० खेलाडी प्रतियोगितामा सहभागि थिए ।

उद्घाटन समारोहमा सहभागि प्रमुख अतिथि तथा अतिथिहरु ४ सय मिटरको दौडमा समेत सहभागि भई खेलको रोचक ढंगले शुभारम्भ गरेका छन् । १७ जना सहभागि उक्त ४ सय मिटरको दौडमा नगरपालिकाका शिक्षा अधिकृत हरिनारायण साह, हनुमाननगर कंकालिनी नगरपालिकाका नगर प्रमुख बिरेन्द्र माझी, वडा अध्यक्ष राकेश ठाकुर र प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहार क्रमशः प्रथम, द्वितिय, तितृय र चतुर्थ भए ।

प्रतियोगितामा एथलेटिक्स र कबडीका खेलहरु भएका थिए । नगरप्रमुख माझीको अध्यक्षतमा आयोजित उद्घाटन समारोहमा उपप्रमुख सरिता यादव, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, इष्टर्न ज्योती सेकेन्ड्री स्कुलका संस्थापक प्रिन्सिपल थानेश्वर साह, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेल लगायतले पनि शुभकामना दिएका थिए ।

विद्यालय विद्यालयबीच भावनात्मक सम्बन्धको विकास तथा विद्यालयस्तरबाट विभिन्न खेलका उत्कृष्ट खेलाडी उत्पादन गर्ने उद्देश्यले पहिलो पल्ट नगरमा उक्त प्रतियोगिताको आयोजना गरिएको नगर प्रमुख बिरेन्द्र माझीले बताए । उनले राष्ट्रिय अन्तराष्ट्रिय स्तरका खेलाडी उत्पादनका लागि नगरपालिकाको साधन श्रोतले भ्याएसम्म लगानी गर्ने प्रतिबद्धता पनि जनाए ।

## शम्भुनाथका प्रमुख गुप्ता निलम्बित

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिकाका प्रमुख जितेन्द्र प्रसाद गुप्ता निलम्बनमा परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख गुप्ता र सोही नगरपालिकाका योजना फाँटका इन्जिनियर रामचन्द्र साहबिरुद्ध बुधबार विशेष अदालतमा आरोपपत्र दायर गरेपछि उनी स्वतः निलम्बनमा परेका हुन् ।

शम्भुनाथ नगरपालिकाका इन्जिनियर साहले निर्माण कार्य भुक्तानी वापत सेवाग्राहीसँग घुस मागेको सूचनाको आधारमा पुगेको आयोगको इटहरी टोलीले गत माघ ३ गते १ लाख ४० हजार घुस रकमसहित पक्राउ गरेको थियो । सोही विषयको अनुसन्धानका क्रममा नगर प्रमुख गुप्ता र इन्जिनियर साहबीचको आपसी मिलोमतोमा विद्यालयको सभाहल निर्माणको अन्तिम बिल भुक्तानी प्रयोजनका लागि उक्त रकम घुस वापत लिइएको पुष्टि हुन आएको आयोगद्वारा जारि विज्ञप्तिमा दाबी गरिएको छ ।

आयोगद्वारा विशेष अदालतमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ देहाय खण्ड (ख) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन माग दाबीसहित नगर प्रमुख गुप्ता र इन्जिनियर साहबिरुद्ध आरोपपत्र दायर गरिएको आयोगका प्रवक्ता भोला दाहालद्वारा जारि प्रेस विज्ञप्तिमा उल्लेख छ ।

दुबैको मिलोमतोमा उक्त रकम घुस लिइएको पाइएकाले गुप्ता र साहलाई भ्रष्टाचार निवारण ऐन अनुसार कारवाही हुनु पर्ने विशेष अदालतमा दायर आरोपपत्रमा उल्लेख गरिएको छ । भ्रष्टाचार सम्बन्धी अदालतमा आरोपपत्र दायर भएसँगै सम्बन्धीत व्यक्तिको पद निलम्बनमा पर्ने कानुनी व्यवस्था छ ।

यसअघि राजविराज नगरपालिकाका प्रमुख भिमराज यादवबिरुद्ध पनि सोही ऐन अनुसार आयोगले ८ महिनाअघि विशेष अदालतमा आरोपपत्र दायर गरेपछि उनी निलम्बित भएका थिए । यादव संचालक रहेको गहिल कन्स्ट्रक्सनद्वारा राजविराजस्थित राजरंगशालामा भएको खेल मैदानमा माटो पुर्ने काममा अनियमितता भएको दाबी सहित आयोगले विशेष अदालतमा आरोपपत्र दायर गरेको थियो ।

## स्ववियु निर्वाचनका लागि मविव क्याम्पसमा १० दल तथा समूह दर्ता

**राजविराज**/स्ववियु निर्वाचनमा सहभागी हुनका लागि राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा १० वटा दल तथा समूहहरुले दर्ता गराएका छन् । क्याम्पसमा २ हजार भन्दा बढी विद्यार्थीहरु (मतदाता) रहेका छन् ।

आउँदो चैत ५ गते हुने स्ववियु निर्वाचनका लागि शुक्रबार दल दर्ता प्रक्रिया सम्पन्न भएको हो । स्ववियु निर्वाचन अधिकृत रामअशिष यादवका अनुसार नेपाली काँग्रेस निकट दुई विद्यार्थी समूहले दल दर्ता गरेका छन् ।

दर्ता भएका दल तथा समूहहरुमा समाजवादी विद्यार्थी युनियन नेपाल (जसपा निकट), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (नेकपा एमाले निकट), अखिल क्रान्तिकारी ( माओवादी केन्द्र निकट), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (नेकपा एस निकट), लोकतान्त्रिक विद्यार्थी संघ (लोसपा निकट), नेपाल विद्यार्थी संघ ( काँग्रेस निकट, मनोज कुमार यादव समूह), आम विद्यार्थी मोर्चा, राष्ट्रिय विद्यार्थी परिषद् (राप्रपा निकट), नेपाल विद्यार्थी संघ ( काँग्रेस निकट, रंजनकुमार यादव समूह) र विद्यार्थी जनमत संघ ( जनमत निकट) छन् ।

यस्तै निर्वाचन कार्यतालिका अनुसार विद्यार्थी सङ्गठनले यही फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गराउने छन् ।

स्ववियु निर्वाचनका लागि आगामी चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म समय तोकिएको तोकिएको छ । देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन हुने छ ।

## ट्याङ्करबाट डिजल चोरी गरेको घटनामा एक जना कारागार चलान

**राजविराज**/ट्याङकरबाट डिजल चोरी घटनामा एक जनालाई अदालतले पूर्पक्षका लागि कारागार चलान गरेको छ भने दुई जना धरौटीमा रिहा भएका छन् ।

सप्तरीको कञ्चनरुप नगरपालिका ९ बस्ने २९ को नवराज भुजेल पुर्पक्षका लागि कारागार चलान भएका हुन् । भुजेलमाथी ट्याङकरबाट डिजल चोरेर बिक्रि गरेको अभियोग छ ।

यस्तै चोरीको डिजल खरीद गर्ने खडक ७ घर भएका भण्डार आयल स्टोरका संचालक ३५ वर्षिय श्याम कुमार साह ५ लाख तथा ट्याङकर चालक कञ्चनरुप ९ का ४५ वर्षिय बिनोद कुमार भुजेल १ लाख धरौटीमा रिहा भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

गत माघ ११ गते बिहान नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगंज डिपो बाराबाट को.१ख. ३६५५ नम्बरको टयाङकरमा २० हजार लिटर डिजल लोड गरी नेपाल आयल निगम १ नम्बर प्रदेश प्रादेशिक कार्यालय बिराटनगरतर्फ लैजाने क्रममा सोही दिन साँझ ट्याङकर चोरी भएको थियो ।

उक्त ट्याङकर माघ १५ गते बिहान ९ बजेतिर जिल्लाकै शम्भुनाथ नगरपालिका वडा नं. २ खैरबना भन्ने स्थानमा बेबारिसे अवस्थामा फेला परेको उनले बताए । फेला परेको ट्याङकर चेक जाँच गर्दा ५ वटा च्याम्बर रहेको ४ हजार लिटरको दरले २० हजार लिटर डिजल मध्ये ४ वटा च्याम्बर खाली रहेको र एक वटा च्याम्बरमा मात्र डिजल रहेको थियो ।

प्रहरीले माघ १६ गते उनीहरुलाई नियन्त्रणमा लिई चोरी मुद्दा शिर्षक अन्तर्गत मुद्दा चलाएको थियो ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# समयमै उपचार गरे बहिरोपनबाट बच्न सकिन्छ

**डा योगेश न्यौपाने**

विश्व श्रवण दिवस वर्षेनी रुपमा मनाईदै आएको छ । कानको रोग सम्बन्धी जानकारी र रोगबाट कसरी बच्न सकिन्छ भन्ने उद्देश्यका साथ यो दिवस मनाउने गरिएको छ । विश्वमा सन् २०५० सम्म चार जनामध्ये एक जनामा बहिरोपना सम्बन्धी कुनै न कुनै रोगबाट प्रभावित हुने अनुमान गरिएको छ । अहिले भने पाँच जनामध्ये एक जनामा बहिरोपना सम्बन्धी कुनै न कुनै रोगबाट प्रभावित हुने देखिएको छ । जुन सन् २०५० सम्ममा अझ बढ्ने अनुमान छ । यत्ति धेरै आम समस्या हो यो ।

ध्वनिले गर्दा १५ देखि ४५ वर्ष उमेर समूहका व्यक्तिहरुमा ध्वनिले बहिरोपनको समस्या निम्त्याइरहेको छ । यो उमेर समूहका करिब १५ देखि १७ प्रतिशत व्यक्तिलाई आवाजले कुनै न कुनै रुपमा बहिरोपनको समस्या निम्त्याइरहेको डब्लुएचओले बताएको छ । जति पनि बहिरोपनको समस्या छ, उनीहरुको समयमै उपचार भए ६० प्रतिशत मानिस बहिरोपनबाट बच्न सक्थ्यो । बहिरोपनको समस्या बढ्नु भनेको सरकारलाई पनि आर्थिक भार बढ्नु हो । चाहे यसको परीक्षण होस्। उपचारमा होस् । कुनै न कुनै किसिमबाट त आर्थिक भार बढ्न भयो । जुन समस्या समयमै उपचार भयो भने त ६० प्रतिशतलाई त बचाउन सकिन्छ । यो विश्व श्रवण दिवसको मुख्य उद्देश्य भनेकै बचाउन सकिने यही ६० प्रतिशतलाई केन्द्रित हुने हो । कतिपयको समस्यालाई रोकथाम गर्न नसकिएपनि यो ६० प्रतिशतलाई बहिरोपनबाट बचाउन सक्छौं ।

**बहिरोपन के कारण हुन्छ ?**

बहिरोपन हुनुको विभिन्न कारणहरु छन् । वंशाणुगत कारण छन् । जसलाई रोक्न सकिएन । बच्चा पेटमा हुँदा आमाले प्रयोग गर्ने विभिन्न औषधिले पनि बच्चामा बहिरोपनको समस्या आउन सक्छ ।

बच्चा जन्मिने बित्तिकै विभिन्न संक्रमण भए, आइसीयूमा राख्नुपर्ने बच्चाहरुमा प्रयोग गर्ने विभिन्न औषधिले पनि कानमा समस्या ल्याउन सक्छ । बच्चा जन्मिसकेपछि रुघा लाग्दा पनि हुन सक्छ । सरकारले निःशुल्क रुपमा उपलब्ध गराउने खोपबाट बञ्चित बालबालिकामा पनि कानको समस्या देखिन सक्छ । सबै खोप नपाउँदा बालबालिकामा विभिन्न किसिमको रोगहरु लाग्न सक्छ । ती मध्ये कुनै न कुनै रोगले कानमा असर गर्न सक्छ । त्यसैले बच्चाहरुलाई पूर्ण खोप लगाउनुपर्छ । धेरै होहाल्ला भएको ठाउँमा हुर्कने बालबालिकाको कानमा समस्या हुन सक्छ । बारम्बर बच्चाहरुमा रुघा लाग्दा पनि हेलचर्क्याई गऱ्यो भने कान पाक्न सक्छ ।

उमेर अनुसार सुनाई शक्ति पनि कम हुँदै जान्छ । अहिले धेरै लामो समयसम्म हेडफोन लगाएर गीत सुन्ने, फिल्म हेर्ने चलन बढेको छ । लामो समयसम्म हेडफोनको प्रयोग गर्दा पनि कानमा असर गर्छ। ठूलो आवाजमा हेडफोन लगाएर सुन्छौ भने अवश्य पनि त्यसले कानलाई खराब गर्छ ।

अहिलेको स्मार्टफोनमा आवाजलाई सीमित बनाउने एप्स नै उपलब्ध छन् । एप्स छैन भने पुरा आवाजको ६० प्रतिशतभन्दा बढी नबढाउने । लामो समयसम्म हेडफोन सुन्नुपर्ने बाध्यता छ भने बिच बिचमा ब्रेक गर्नुपर्छ । लगातार हेडफोनको प्रयोग राम्रो होइन । मधुमेह भएका व्यक्तिमा पनि सुनाई शक्ति गुम्न सक्ने जोखिम अरुमा भन्दा धेरै हुन्छ ।

**कसरी बच्ने ?**

गर्भमा बच्चा भएका महिलाहरुले जथाभावी औषधिको सेवन गर्नु हुँदैन । केही स्वास्थ्य समस्या हुने बित्तिकै चिकित्सकको परामर्शमा जानुपर्छ । घरमा भन्दा स्वास्थ्य संस्थामै शिशु जन्माउनुपर्छ । शिशु जन्मिएपछि समयमै पूर्ण खोप लगाउनुपर्छ । बच्चाहरुमा भइरहेको रुघाखोकीलाई अभिभावकले बेवास्ता गर्नु भएन । रुघा लाग्ने बित्तिकै उपचार गर्नुपर्छ । बहिरोपनको उपचार नै छैन भन्ने हुँदैन । बहिरोपनको उपचार समस्या र अवस्था अनुसार पनि फरक पर्छ । कानको जालीमा प्वाल परेर समस्या भएको छ भने जाली बनाउन सकिन्छ । कानको उपचारमा अहिले धेरै नवीनतम प्रविधिहरु भित्रिसकेका छन् । कानको नशा नै सुकेको छ भने श्रवण यन्त्र राख्न सकिन्छ । धेरै उपचार विधिहरु छन् । सबै उपचार विधिबाट पनि संभव नभए पुर्नस्थापना गर्न सकिन्छ । धेरै बच्चाहरुलाई एकै ठाउँमा राख्नु हुँदैन । एउटा बच्चालाई लागेको रुघा अर्को बच्चामा सर्न सक्छ । बच्चाहरुलाई पोषणयुक्त खानेकुरा खान दिनुपर्छ । समयमै समस्याको निदान हुन सके उपचार संभव छ । सरकारले पनि कान सम्बन्धी उपचार र श्रवण यन्त्रलाई श्रवण सुलभ बनाउन आवश्यक छ । (त्रिवि शिक्षण अस्पतालका नाक, कान, घाँटी रोग विशेषज्ञ डा योगेश न्यौपानेसँग स्वास्थ्यखबरकी कमला गुरुङले गरेको कुराकानीमा आधारित) स्वास्थ्य खबरबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३


# अस्पतालमा टोकन प्रणाली लागु

**राजविराज**/राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा टोकन प्रणाली सेवा लागु गरिएको छ ।

उक्त सेवाको एक कार्यक्रमबीच प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले उद्घाटन गर्दै समयको बचत, सेवा प्रवाहको उचित व्यवस्थापनका साथै बिरामी र उनका आफन्तले पूर्जा काट्न घण्टौं लाइन लाग्नु पर्ने बाध्यताको अन्त हुने विश्वास व्यक्त गरे ।

स्वास्थ्य सेवा लिन आउनेको चाप बढ्दै गएपछि सहज, सरल र ब्यवस्थित ढंगले सेवा प्रदान गर्ने उदेश्यले सो प्रणाली लागु गरिएको अस्पताल प्रशासनले जनाएको छ ।

बिरामीको चाप बढेसँगै सेवा प्रवाहा अस्तव्यस्त हुन थालेपछि यसलाई ब्यवस्थापन गर्न टोकन प्रणाली लागु गरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाश साहले बताए । अस्पतालमा सुधारको प्रयास थालेसँगै अहिले दैनिक ५ सयदेखी ८ सयसम्म बिभिन्न रोगका बिरामी स्वास्थ्य सेवा लिन आउने गरेको उनले बताए ।


JCI Estd. 1976 Rajbiraj, Nepal

## राजविराज जेसीज

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

**विषय : राजविराज जेसीजको पूर्व तर्फ रहेको पसल कवल कोठा भाडामा लगाउने सम्बन्धी सूचना ।**

पहिलो पटक प्रकाशित मिति : २०७९।११।१८ गते

यस राजविराज जेसीजको पूर्व तर्फ रहेको दुई वटा पसल कवल कोठा भाडामा लिने इच्छुक व्यवसायी, फर्म, सङ्घ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रीतपूर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७९।११।१८ गतेदेखि २०७९।१२।०२ गतेसम्म राजविराज जेसीजको सचिवालय तथा जनता डिस्पेन्सरी, राजविराजमा सम्पर्क गरेर रू. १०००/- (अक्षरेपी एक हजार, फिर्ता नहुने गरी) तिरी बोलपत्र फारम खरिद गर्न सकिनेछ । खरिद गरिएको बोलपत्र फारम भरी मिति २०७९।१२।०३ गते दिनको १२:०० बजेभित्र सिलबन्दी गरी यस जेसीज सचिवालयमा दर्ता गराउनु पर्नेछ । दर्ता हुन आएको सिलबन्दी बोलपत्र फारमहरू सोही दिनको २:०० बजे रीतपूर्वक खोलिनेछ ।

**शर्तहरू**

१. कोठा भाडा लिन चाहने व्यवसायी, फर्म, सङ्घ संस्थाले न्यूनतम प्रति महिना मासिक भाडा रू. ८,००० (अक्षरेपी आठ हजार) हुनेछ उक्त मासिक भाडा रकम भन्दा बढी रकम कबोल गर्ने व्यवसायी, फर्म, सङ्घ संस्थाले सिलबन्दी कोटेसन स्वीकृतिको लागि पहिलो प्राथमिक्ता रहने छ । बढी भाडा रकम कबोल गरी आएको आधारमा पसल कवल कोठाको सङ्ख्यालाई ध्यानमा राखी क्रमशः कोठा उपलब्ध गराइनेछ । बढी कबोल गर्नेलाई कोठा छनौटमा पनि पहिलो प्राथमिक्ता दिइने छ ।
२. पसल कवल कोठाहरूका लागि एक व्यवसायी, एक फर्म वा एक सङ्घ संस्थाबाट १ कोठाको लागि मात्र सिलबन्दी कोटेसन पेश गर्न पाइने छ ।
३. आफुले कबोल गरेको रकमको हुन आउने वार्षिक भाडाको ५% रकम धरौटी वापत राजविराज जेसीजको राष्ट्रिय वाणिज्य बैंकको खाता नं. २१८०१००००७८४६००१ मा जम्मा गरी जम्मा गरेको सक्कलै भौचर सिलबन्दी कोटेसनसँगै पेश गर्नु पर्नेछ । व्यवसायी, फर्म, सङ्घ संस्था स्वीकृत भई कबोल गरे अनुसारको सम्झौता नगरेमा उक्त धरौटी रकम जफत गरिनेछ ।
४. सिलबन्दी कोटेसन स्वीकृत भएको फर्म, सङ्घ संस्थाको नाउँमा स्वीकृत भएपछि सम्झौता हुँदा बखत न्यूनतम १,५१,०००/- (अक्षरेपी एक लाख एकाउन्न हजार मात्र) धरौटी जम्मा गर्नु पर्ने हुन्छ ।
५. सिलबन्दी कोटेसनका साथ निवेदकले व्यवसाय प्रमाण पत्रको प्रतिलिपि र फर्म, सङ्घ संस्थाहरूको प्रमाण पत्र र आ.व. २०७८/७९ आर्थिक वर्षको नवीकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. सिलबन्दी कोटेसन स्वीकृत भएको व्यवसायी, फर्म, सङ्घ संस्थाले स्वीकृतिको जानकारी पाएको ७ (सात) दिनभित्र राजविराज जेसीजसँग सम्झौता गर्न नआएमा प्राथमिक्ता क्रमअनुसार सो भन्दा कम कबोल गरेकालाई नियम अनुसार सम्झौताको प्रक्रिया अगाडि बढाइनेछ ।
७. नेपाल सरकार, नगरपालिका वा अन्य संस्थालाई बहाल कर लगायतका अन्य कर दस्तुर बुझाउनु परेमा कोठा भाडावालाले नै बुझाउनु पर्ने छ ।
८. प्रारम्भमा कोठाको प्रति महिना भाडामा दुई वर्षसम्म वृद्धि हुने छैन । प्रत्येक दुई वर्षपछि भाडाको दरमा १५ प्रतिशत वृद्धि भाडा दर कायम गरिनेछ । लगातार ३ महिनासम्म भाडा रकम दाखिला नगर्ने व्यवसायी संस्था फर्मको सम्झौता स्वतः रद्द हुनेछ ।
९. मासिक भाडा बुझाउने समय महिना व्यतित भएको ७ दिन भित्र बुझाउनु पर्नेछ, सो ७ दिन भित्र नबुझाएमा सो ७ दिन पछि ७% ले जरिवाना सहित चालु महिना र वितेको महिनाको भाडा एक मुष्ट बुझाउनु पर्नेछ । सो चालु दोस्रो महिनामा समेत भाडा नबुझाएमा तेस्रो महिनाको सुरु १ गते देखि बाँकी रकममा १०% ले जरिवाना सहित बाँकी रकम र चालु महिनाको भाडा रकम सहित एकमुष्ट बुझाउनु पर्नेछ । सो न बुझाएमा राजविराज जेसीजले उक्त कोठा खाली गराउन सक्नेछ ।
१०. भाडामा लिएको कोठालाई नोक्सान नहुने गरी आफनो खर्चबाट स्वयम् दोस्रो पक्षले पसल सजाउनु पर्नेछ । सो रकम प्रथम पक्षले व्यहोर्ने छैन भने मिनाहा समेत गर्ने छैन । कोठाको अगाडि खम्बा खुट्टी राखेर छाउनी छाप्रो समेत लगाउन पाउने छैन सो लगाएमा सो को जिम्मेवार दोस्रो पक्ष नै हुनेछ ।
११. कोठा भाडामा उपभोग गर्दाको अवस्थामा जडान गरिएका बिजुली, धारा, टेलिफोन आफनो खर्चबाट भाडेदार दोस्रो पक्षले जडान गर्नु पर्नेछ र सो को महसुल समेत स्वयं दोस्रो पक्षले व्यहोर्नु पर्नेछ ।
१२. राजविराज जेसीजलाई आफनो उपभोगको लागि कोठा आवश्यक परेमा दोस्रो पक्षले कोठा खाली गर्नु पर्नेछ ।
१३. आफुले भाडामा सम्झौता गरी लिएको कोठा व्यवसायी, सङ्घ संस्था स्वयंले पसल थापेर उपभोग गर्नु पर्नेछ सो कोठा दोस्रो पक्षले अन्य कुनै व्यक्ति, व्यवसायीलाई भाडामा वा अन्य कुनै किसिमले उपभोग गर्न दिन पाउने छैन । त्यसो गरेको ठहरे राजविराज जेसीजले सो व्यवसायी, फर्म, सङ्घ संस्थालाई उक्त कोठाबाट हटाई उक्त कोठाबाट वञ्चित गरी तपाईको धरौटी रकम जफत गरी बाँकी रहेको रकम कानुनी कारवाही गरी असुल उपर गर्ने र उक्त कोठा राजविराज जेसीजले पुन: बन्दोबस्त गर्रन सक्नेछ ।
१४. भाडा लिएका व्यवसायी, फर्म वा संस्थाले कोठा छोडन चाहेमा ३५ (पैँतिस) दिन अगावै अनिवार्य सूचना राजविराज जेसीजलाई दिनु पर्नेछ । यसरी विचैमा कोठा छोडेर जाने भएमा अग्रीम भाडा रकम बाँकी रहन गए सो रहेको धरौटी रकमको न्यूनतम १० प्रतिशत रकम जरिवाना स्वरुप राजविराज जेसीजबाट फिर्ता दिइने छैन । तर राजविराज जेसीजसँग सम्झौता गरी कोठा लिए पछि कोठा लिएको १ वर्ष अगाडि कोठा छाडेर जान पाइने छैन ।
१५. उक्त कोठा भाडामा प्रयोग गर्दा सम्बन्धित संस्था वा व्यवसायीले सम्झौतामा उल्लेख भएको प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ । आफुले भाडा लिई अर्को व्यक्ति, व्यवसायी वा संस्थाले दिन पाईने छैन । कोठा पजनी (पगडी) गरेको पाइएमा राजविराज जेसीजबाट कारवाही गरि स्वत: सम्झौता रद्द गरिनेछ । अन्य व्यक्ति वा संस्थाले राजविराज जेसीजको स्वीकृति विना प्रयोग गर्न पाइने छैन ।
१६. उक्त पसल कवलहरूमा राजविराज जेसीज वा राष्ट्रलाई हानि नोक्सानी हुने वा गैर कानूनी व्यपार व्यवसाय गर्न पाइने छैन ।
१७. निर्माण भएको कोठाको संरचनामा फेरबदल गर्न पाइने छैन । संरचनालाई फेरबदल गर्नु परेमा राजविराज जेसीजसँग स्विकृति लिई मात्र गर्न सक्नेछ । उक्त पसल कवलमा कुनै पनि किसिमको हानी नोक्सानी गर्न पाइने छैन त्यसो भएमा हानी नोक्सानी भएको असुल उपर गरिनेछ ।
१८. सिलबन्दी कोटेसन फारम राजविराज जेसीजको सचिवालयबाट रू. १,००० (अक्षरेपी एक हजार) फिर्ता नहुने गरी दस्तुर तिरी खरिद गर्न सकिने छ ।
१९. रीतपूर्वकको सिलबन्दी कोटेसन प्राप्त बोलपत्रहरूलाई मिति २०७९।१२।०३ गते अपराह्न २:०० बजे राजविराज जेसीजका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्नेछ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
२०. ठेकेदार र राजविराज जेसीजविच कुनै किसिमको विवाद उत्पन्न भएमा राजविराज जेसीजले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।
२१. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
२२. सिलबन्दी कोटेसन स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार राजविराज जेसीजमा सुरक्षित रहनेछ ।

सम्पर्क व्यक्ति: जेसी रवि कुमार राय, जेसी पंकज कुमार देव, जेसी उज्ज्वल काबरा
सम्पर्क नं. : ९८०४७४३५६०, ९८०४७४१८७७, ९८०१५११४३२

जेसी उज्ज्वल काबरा
अध्यक्ष, वर्ष २०२३

# विद्यार्थी संगठन र स्ववियु निर्वाचनको औचित्य




विद्यार्थी संगठन राजनीतिक चेतनाले अभिप्रेरित शैक्षिक र सामाजिक संस्था हो । यसले आम विद्यार्थीको भावनाको प्रतिनिधित्व गर्नुपर्छ ।

शैक्षिक मुद्दाहरूमा केन्द्रित रहँदै सामाजिक, सांस्कृतिक र राजनीतिक परिवर्तनको संवाहकको रूपमा भूमिका खेल्नुपर्छ । समग्र विभेद अन्त्यको लागि सिर्जनात्मक र प्रतिरोधात्मक आन्दोलनको नेतृत्व गर्नुपर्छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको मुद्दालाई निरन्तर उठान गर्नुपर्छ । भ्रष्टाचार, अनियमितता, बेरोजगारी र समग्र बेथितिहरूको विरुद्धमा खरो उत्रिनुपर्छ ।

**उठान गर्नुपर्ने शैक्षिक समस्याहरू**

मुलुकका लागि आवश्यक जनशक्ति उत्पादन गर्न राज्यसँग ठोस योजना छैन । व्यापारीहरूको नाफाका लागि सबैभन्दा सुरक्षित र भरपर्दो लगानीको थलो शिक्षा क्षेत्र भएको छ ।

अरू क्षेत्रबाट टाट पल्टिएका लगानीकर्ताले समेत शिक्षा क्षेत्रलाई नाफा परिपूर्तिको माध्यम बनाएका छन् । राज्यले सरकारी र सामुदायिक विद्यालयको स्तरोन्नतिको लागि प्रभावकारी योजना ल्याएको छैन । अव्यवहारिक शिक्षाले गर्दा शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने कारखाना जस्ता भएका छन् ।

त्यस्तै, असमान शिक्षाले धनी र गरिब बीचको खाडल गहिरिँदै छ । विश्वविद्यालयका शैक्षिक प्रमाणपत्रहरू कागजी खोस्टा जस्ता छन् । पन्ध्र बिस वर्ष लगाएर शिक्षा आर्जन गरेपछि देशमा रोजगारी नपाएर विदेश जानुपर्ने बाध्यता छ ।

उता व्यवहारिक, प्राविधिक र सीपमूलक शिक्षा नारामा मात्र सीमित छन् । हाम्रा विश्वविद्यालयले उत्पादन गरेका जनशक्ति विदेशमा मजदुरी गर्न जानुपर्ने अनि हाम्रो देशलाई विज्ञ आवश्यक पर्दा विदेशबाट मोटो रकम तिरेर 'हायर' गर्नुपर्ने अवस्था छ ।

**विद्यार्थी संगठनले समीक्षा गर्नुपर्ने पक्ष**

अधिकांश विद्यार्थी सङ्गठनहरू राजनीतिक दलका दातृसंस्थाको रूपमा छन् । पार्टीको सैद्धान्तिक आधारमा टेकेर मात्रै उनीहरूले अस्तित्व धानेका छन् । विगतको त्याग, समर्पण र बलिदानीको विरासतमा उभिएको विद्यार्थी सङ्गठनहरू यतिबेला प्रभावहीन र सङ्कटको अवस्थामा पुगेका छन् ।

आजका विद्यार्थी संगठनका नेताहरू आफ्नै संगठन भित्रको आन्तरिक समस्यालाई समाधान गर्ने ल्याकत राख्दैनन् । सिधा भाषामा भन्दा विद्यार्थी संगठन छन्, आन्दोलन छैन । राजनीतिक दलका कार्यकर्ताहरू छन्, असली विद्यार्थी नेता छैनन् ।

आफूलाई विद्यार्थी संगठनको नेता भन्न रुचाउने मान्छेहरू, न विद्यार्थीको प्रमुख मुद्दामा केन्द्रित छन् न खस्कँदो शैक्षिक अवस्थाको बारेमा गम्भीर छन् । बरु पार्टीको गुट, उपगुटलाई समातेर व्यक्तिगत स्वार्थको दुनो सोझ्याउने काममा लिप्त छन् ।

शैक्षिक मुद्दालाई छाडेर केही संगठनका प्रतिनिधिहरू कलेजको सम्बन्धन र भर्ना लगायतको विषयमा मोलमोलाई गर्न समय खर्चिन्छन् । भ्रष्टाचार, अनियमितता जस्ता बेथितिहरूको विरोधमा खरो उत्रिनुपर्ने युवा विद्यार्थी नेताहरू आफै कर्मचारी सरुवा-बढुवामा घुस खान्छन् ।

युवा पुस्ताका नेता भन्न रुचाउनेहरु फिल्डमा जमेर स्थापित हुनु भन्दा ठूलाबडाको चाप्लुसी गर्नुमा आफूलाई सुरक्षित ठान्छन् । शैक्षिक माफियाहरूसँग घाँटी जोडेर निजी शैक्षिक संस्थामा लगानी गर्छन् । अनि आफै निजीकरण र व्यापारीकरणको विरोध गरेजस्तो गर्छन् ।

यी र यस्तै प्रकृतिका सीमा र कमजोरीलाई नसच्याए उनीहरुको राजनीतिक भविष्य मात्र होइन, सिंगो विद्यार्थी आन्दोलननै विकृत भएर जानेछ ।

**के हो स्ववियु ?**

स्वतन्त्र विद्यार्थी युनियन अर्थात् स्ववियु विद्यार्थीले विद्यार्थीकै लागि जन्माएको साझा संस्था हो । स्ववियु नेतृत्व उत्पादन गर्ने थलो हो । शिक्षा क्षेत्रका समग्र समस्याको उठान गर्ने आन्दोलन हो ।

साथै, विद्यार्थीका दैनिक जीवनसँग जोडिएका समस्याहरुको सहज समाधानको उपयुक्त माध्यम हो । विद्यार्थी र प्रशासन बीचको खाडल पुर्ने सेतु हो । शैक्षिक गुणस्तरमा ध्यान दिने अन्तरदृष्टि हो । विद्यार्थीहरुमा राजनीतिक चेतना जगाउने ज्ञान कुन्ज हो । विद्यार्थीको हक हितको लागि बोल्ने संगठित आवाज हो ।

स्ववियु विद्यार्थीको क्षमता विकासको उपयुक्त मञ्च हो । शिक्षा क्षेत्रका सबै खाले बेथिति, विकृति, विसंगतिको कालो बादल हटाउने सुनौलो रवि किरण हो । विद्यार्थीको साथी हो, अनि अभिभावक हो । विद्यार्थीलाई छत्रछायाँ प्रदान गर्ने कल्पवृक्ष हो ।

**स्ववियूको विरासतलाई नियाल्दा**

कुनै समय सर्वसाधारणहरू राजनीतिक अधिकारबाट वञ्चित थिए । राजा महेन्द्रले सत्ता हातमा लिएपछि दलहरु प्रतिबन्धित भए । गुमेको राजनीतिक अधिकार प्राप्तिको सिलसिलामा विद्यार्थीहरूले संयुक्त आन्दोलनको खोजी गरे र साझा संस्थाको आवश्यकता महसुस गरे । जसको परिणामस्वरुप त्रिभुवन विश्वविद्यालयमा वि.स २०२० साल बैशाख १९ गते स्ववियुको स्थापना भयो ।

२०२० साल भदौ २० गते स्ववियुको पहिलो निर्वाचन सम्पन्न भयो । नेपालमा अहिले विद्यमान १२ वटा विश्वविद्यालयमध्ये अधिकांशमा स्ववियु निर्वाचनको अध्यास हुन थालेको छ । एकतन्त्रीय पञ्चायती व्यवस्थाका विरुद्धको आन्दोलनमा स्वतन्त्र विद्यार्थी युनियनको भूमिका अग्रस्थानमा रहेको थियो ।

२०३० सालमा स्ववियुलाई समेत प्रतिवन्ध लगाएपछि विद्यार्थी आन्दोलनको रापताप भुसको आगोझैँ भित्रभित्रै सल्कियो । जसका कारण तत्कालीन व्यवस्था धरासायी बन्दै गयो । यो सबै देखेका राजा वीरेन्द्रले २०३६ सालमा जनमत सङ्ग्रह गर्न बाध्य भए । सँगै स्ववियु पनि फुकुवा भयो ।

२०३५ सालदेखि २०६५ सालसम्म ३० वर्षको अवधिमा १४ पटक स्ववियु निर्वाचन सम्पन्न भयो । २०६५ साल यता भने स्ववियु निर्वाचन हुन सकेको थिएन । तर २०७९ चैत्र ५ गते १४ वर्षपछि स्ववियु निर्वाचन हुन गइरहेको छ ।

**स्ववियुको औचित्य**

शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने अनगिन्ती समस्याका चाङ छन् । विश्वविद्यालयमा सुधार गर्नुपर्ने असङ्ख्य पक्षहरू छन् । देश अस्थिर राजनीतिको भुमरीमा छ । नेपालको सामाजिक अवस्था कुरीति, कुसंस्कार र अन्धविश्वासले जेलिएको छ । गणतन्त्रवादी शक्तिहरूको फितलो कार्यशैलीको कारण प्रतिगमनकारी शक्तिहरू मसानघाटबाट टाउको उठाउन थालेका छन् ।

यी यावत् मुद्दाहरू बोकेर विद्यार्थी संगठन मैदानमा उत्रनुपर्छ । स्ववियुमार्फत् विद्यार्थी आन्दोलनलाई संस्थागत र आधिकारिक बनाउनु पर्छ ।

अझै पनि स्ववियुको औचित्य फराकिलो बन्दै गएको छ । यसका अलावा विश्वविद्यालयका पदाधिकारी र क्याम्पस प्रमुखको नियुक्तिमा हुने राजनीतिक भागबण्डाले अर्को विकृति निम्त्याएको छ ।

समय सापेक्षअनुसार पाठ्य पुस्तकहरु नबनाइनु, नयाँ नयाँ शैक्षिक कार्यक्रमहरू आउन नसक्नु, प्राध्यापक, कर्मचारी तथा शिक्षकहरूको स्तर खस्कँदै जानु पनि अर्को समस्या हो ।

स्ववियु मार्फत नै विद्यार्थी नेताहरू विद्यार्थीको बीचमा पुग्ने गर्छन् । विद्यार्थीको माझमा आफ्ना विचारहरु स्पष्ट राख्ने मौका पाउँछन् । यो विद्यार्थी नेताहरू सच्चिने माध्यम पनि हो । विद्यार्थीहरूप्रति उत्तरदायी र जवाफदेही रहने अभ्यास हो । संगठनको विचार, सिद्धान्त र कार्यक्रमका साथै विद्यार्थी नेताहरूको गतिविधि र ईमान्दारीतालाई जाँच्ने कसीसमेत हो ।

**निश्कर्ष**

आज हामी जुन दुनियाँमा बाँचेका छौ, त्यो राजनीतिबाट अछुतो छैन । देशमा राजनीतिले विकृति ल्याएको होइन । खराब मान्छेको हातमा राजनीतिक अधिकार परेका कारण देशको समग्र अवस्था विकृत भएको हो ।

राजनीतिक रूपमा सचेत हुन पाउनु मान्छेको नैसर्गिक अधिकार हो । ईमान्दार मान्छेहरू राजनीतिबाट पाखा लाग्नु भनेको खराब मान्छेहरुबाट शासित हुन तयार हुनु हो । त्यसैले, खराब मान्छेहरुका लागि मैदान खाली गरिदिनु हुँदैन । ईमान्दार र स्वच्छ छवि भएका मान्छेहरू राजनीतिमा आउनु पर्छ । अनि मात्र देशको अवस्था सुधार हुन्छ ।

राजनीति पनि एउटा साधना हो । त्याग, समर्पण र बलिदानीको पर्याय हो । सबै मान्छेले भाग लिन सक्छन् तर निरन्तरता दिन सक्दैनन् । विद्यार्थी आन्दोलनबाट सुरु भएको राजनीतिक यात्राले कतिलाई देशकै नेतृत्व लिने हैसियतसम्म लान सक्छ ।

आजको विद्यार्थी आन्दोलन र स्ववियुको भूमिकाले भोलिको दिनमा असल र सक्षम नेतृत्व उत्पादन गर्न सफल होस् । आउँदै गरेको स्ववियु निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित रूपमा सम्पन्न होस् । विद्यार्थी संगठनहरुलाई अग्रीम शुभकामना । रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
राजविराज नगरपालिका, सप्तरी

# सवारी दुर्घटनामा तीनको मृत्यु

**राजविराज**/सप्तरीमा भएको सवारी दुर्घटनामा परि तीन जनाको मृत्यु भएको छ भने एक दर्जन व्यक्ति घाइते भएका छन् ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत जिल्लाको कंचनरुप नगरपालिका ९ विष्णु मन्दिर सडक खण्डमा सोमबार मध्यराती दुई सवारी साधन एक आपसमा ठोक्किदा दुई जनाको घट्नास्थल मै मृत्यु भएको छ भने दुर्घटनामा १२ जना घाइते भएका छन् ।

पुर्वबाट पश्चिम तर्फ जादै गरेको बा.१८च. ६६१७ नम्बरको स्कारपियो र विपरित दिशाबाट घोडा लोड गरी आउँदै गरेको प्र.२-०२-००१च.०७४६ नम्बरको बोलेरो एक आपसमा ठोक्किएर सो दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

मृत्यु हुनेमा स्कारपियोमा सवार सुनसरीको दुहवी नगरपालिका ३ वस्ने ४० वर्षिय हरेराम साह हलुवाई र ४२ वर्षिय राज कुमारी चौधरी छन् । दुर्घटनामा घाईते भएका १२ जनाको स्थानीय धर्मेश्वर अस्पतालमा उपचार पश्चात् थप उपचारका लागि बिराटनगर पठाइएको तथा सो घट्नामा २ वटा घोडा समेत मरेको प्रहरीले जनाएको छ ।

यस्तै पूर्वपश्चिम राजमार्ग अन्तरगत जिल्लाकै हनुमाननगर कंकालिनी नगरपालिका ३ पोर्ताहा सोमबार राती भारतीय नम्बरको कारको ठक्करबाट एक अपरिचित पैदल यात्रुको मृत्यु भएको छ ।

प्रहरीका अनुसार पश्चिमबाट पुर्वतर्फ आउदै गरेको जि.जे.१०बी.जि.८१३३ नम्बरको भारतीय नम्बरको कारले नाम, थर, वतन नखुलेको ३५ वर्षिय पुरुषलाई ठक्कर दिएको हो ।

ठक्कर पश्चात् गम्भिर घाईते भएका उनलाई उपचारको लागी भारदह अस्पतालमा भर्ना गरिएकोमा उपचारकै क्रममा राती नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

ठक्कर दिने कार र कार चालक भारतको बिहार राज्य सुपोल जिल्ला भिमनगर बस्ने ४९ वर्षिय राहुल सिंहलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जनाएको छ ।

# आगलागिमा दुई घर तथा नगद ३० हजार जले

**राजविराज**/सप्तरीको दुई स्थानमा आगलागि हुँदा दुई घर तथा नगद ३० हजार जलेका छन् ।

जिल्लाको डाक्नेश्वर नगरपालिका ५ मुसहरि टोलमा बुधबार आगलागि हुँदा नगद ३० हजारसहित स्थानिय टुनी सदाको घर नष्ट भएको हो ।

आंगनमा खाना पकाउने क्रममा चुलोबाट आगो सल्केको आगोले १ लाख ३३ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार सदाले घरमा राखेको ३० हजार नगदका साथै खाद्यान्न, लत्ताकपडा, फर्निचर लगायतका कुनै प्रकारको सामान निकाल्न पाएनन् ।

यस्तै जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका ८ जमुवा टोल बस्ने हरेकृष्ण गेठियाको घरमा बिहीबार आगलागि हुँदा उनको घर खरानी भएको छ ।

खाना पकाएर चुलोबाट निकालिएको खरानी राम्ररी ननिभाउदा सल्केको आगोले उनको घर खरानी बनाएको हो । आगोले ७० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

फुसको संरचना भएका घरका साथै सबै सामान जलेर नष्ट भएको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए । उनका अनुसार गेठियाको घरमा रहेको लत्ताकपडा, खाद्यान्न, फर्निचर लगायतका सबै सरसामान जलेर नष्ट भएको छ ।

आगलागिका घटनामा वृद्धि हुन थालेपछि अहिले जिल्लाका विभिन्न स्थानमा आगलागि नियन्त्रणका लागि टोली नै परिचालन गरि सचेतना अभियान चलाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# बालुवा उत्खनन् गर्ने दुई ट्याक्टर प्रहरी नियन्त्रणमा

**राजविराज**/सप्तरी प्रहरीले खोलाबाट अवैध रुपमा बालुवा उत्खनन् गरी लैजादै गरेको अवस्थामा दुई वटा ट्याक्टरलाई नियन्त्रणमा लिएको छ ।

जिल्लाको कंचनरुप नगरपालिका १ स्थित महादेवपट्टी खोलाबाट अवैध बालुवा उत्खनन् गर्ने कार्यमा संलग्न स.१त. २४९४ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको हो ।

खोलाबाट अवैध रुपमा बालुवा उत्खनन् गरी लैजादै गरेको सूचनाको आधारमा पुगेको इलाका प्रहरी कार्यालय कंचनपुरको टोलीले बालुवा लोड भएको उक्त ट्याक्टर नियन्त्रणमा लिएको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

यस्तै प्रहरीले कंचनरुप नगरपालिका ९ स्थित बान्द्रा खोलाबाट अवैध रुपमा बालुवा उत्खनन् गरी ओसार पोसारमा प्रयोग गरिएको स.१त. ५५७३ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको थियो ।

# भन्सार छलेका सामान प्रहरी नियन्त्रणमा

**राजविराज**/भन्सार छलेर भारतबाट ल्याइएको एक लाख भन्दा बढीको सरसामान तथा मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ ।

भारतीय सीमासँग जोडिएको सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ नहर चौकस्थित सडक खण्डबाट गत आइतबार बिहान प्रहरीले भन्सार छलेर भारतीय नम्बर बिआर०६ए.एच.२९६३ नम्बरको मोटरसाइकलमा नेपालतर्फ ल्याउँदै गरेको १ लाख २१ हजार मुल्य बराबरको दुधको पाउडर, किराना सामाग्रि र पान मसाला नियन्त्रणमा लिएको हो ।

गस्तिमा रहेका प्रहरी देख्नासाथ चालक मोटरसाइकल र सामान छोडी भागेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

बरामद सामान र मोटरसाइकल आवश्यक कारवाहीका लागि राजविराज भन्सार कार्यालयलाई बुझाइएको प्रहरीले जनाएको छ ।

# वनजंगल फडानी गरि काठ लैजादै गरेका एक पक्राउ

**राजविराज**/सप्तरीको खडग नगरपालिका ४ पंसेरा वन क्षेत्रबाट अवैध रुपमा वनजंगल फडानी गरि काठ लैजादै गरेका एक जना पक्राउ परेका छन् ।

कांधमा बोकेर सखुवाको काठ लिई जाँदै गरेको सोही वडाका ४५ वर्षिय अशोक कुमार सदा पक्राउ परेका हुन् । विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको टोलीले सदालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

सदाको साथबाट साखुको २५ क्युबि फिट काठ बरामद गरिएको उनले बताए । उक्त काठको ७० हजार रुपैया मुल्याङ्न गरिएको छ ।

बुधबार नै बरामद काठसहित सदालाई आवश्यक कारवाहीका लागि डिभिजन वन कार्यालय सप्तरीमा बुझाइएको प्रहरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानी रुपैयाँ फेरि बलियो बन्दै

**इस्लामावाद**/अमेरिकी डलरको तुलनामा पाकिस्तानी रुपैयाँमा ठूलो गिरावट आएपछि शुक्रबार अन्तरबैंकमा २७८.४६ रुपैयाँमा कारोबार भइरहेको स्टेट बैंक अफ पाकिस्तानले जनाएको छ ।

बिहीबार अमेरिकी डलर २८५.०९ रुपैयाँमा कारोबार बन्द भएको थियो । साताको अन्तिम दिन अमेरिकी डलरको तुलनामा स्थानीय मुद्राको भाउ ६.६३ रुपैयाँ अर्थात २.३८ प्रतिशतले बढेको छ ।

सिन्ह्वासँग कुरा गर्दै पाकिस्तानी वाणिज्य बैंक सिल्क बैंकका ट्रेजरी प्रमुख रेहान अतीकले अघिल्लो सत्रमा ग्रीनब्याकको मूल्यमा भएको व्यापक वृद्धिले निर्यातकर्तालाई आफ्नो डलर बजारमा बेच्न प्रोत्साहित गरेको र त्यस कदमबाट स्थानीय मुद्रामा सुधार आएको हो ।

पाकिस्तानको विदेशी मुद्रा सङ्घका प्रमुख मलिक बोस्तानका अनुसार बजारमा देकिएको अस्थिर प्रवृत्तिको मुख्य कारण पाकिस्तानको अन्तरराष्ट्रिय मुद्रा कोष कार्यक्रमको वरिपरि बढ्दै गएको अनिश्चितता नै हो । एजेन्सी

## तेलको पाइपलाइन विस्फोट हुँदा १२ जनाको मृत्यु

**अबुजा**/नाइजेरियाको दक्षिणी राज्य रिभर्समा तेलको पाइपलाइन विस्फोटमा शुक्रबार बिहान कम्तीमा १२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

नदीको इमुओहा स्थानीय सरकारी क्षेत्रको रुमुएक्पे समुदायमा स्थानीय बासिन्दाले पाइपलाइनबाट तेल निकाल्ने क्रममा विस्फोट भएको रिभर्सका प्रहरी प्रवक्ता ग्रेस इरिन्गे-कोकोले विज्ञप्ति जारी गर्दै उल्लेख गरेका छन् ।

अहिलेसम्म सो घटनामा कम्तिमा १२ जना जलेर मृत्यु भएको विश्वास गरिएको छ । यद्यपि पीडितको परिचय भने खुल्न सकेको छैन । यसैबीच स्थानीयवासीले पाइपलाइनबाट इन्धन निकाल्न प्रयोग गर्ने पाँचवटा सवारीसाधन र चारवटा ट्राइसाइकल विस्फोट भएको ठाउँमा जलेर खरानी भएको पनि प्रहरी प्रवक्ताले बताए ।

स्थानीय सञ्चारमाध्यमका अनुसार उक्त घटना शुक्रबार बिहानै पाइपलाइनबाट सिफन गरिएको कच्चा तेलले भरिएको बस सो क्षेत्रको अवैध रिफाइनिङ प्वाइन्टतर्फ जाने क्रममा आगोमा परेको थियो र सो दुर्घटना भएको थियो ।

नाइजेरियामा तेलका पाइपलाइन तोडफोड र तेल चोरी बारम्बार दोहोरिरहने घटना हुन् । एजेन्सी

## अधिकांश अमेरिकी बन्दुक मालिकले बन्दुक अनलक राख्छन् : फोर्ब्स

**वासिङ्टन**/प्रायःअमेरिकी बन्दुक मालिकले कम्तीमा एउटा बन्दुक सधैं तम्तयार अवस्थामा (अनलक) राख्ने गरेको पाइएको छ । फोर्ब्सले बिहीबार जामा नेटवर्क ओपनमा प्रकाशित गरेको अध्ययन प्रतिवेदनअनुसार आपत्कालीन अवस्थामा ढिलाइ नहोस् भनेर बन्दुक अनलक राख्ने गरेको पाइएको छ ।

करिब दुई हजार हतियार मालिकले कसरी उनीहरूले आफ्ना हतियार भण्डारण गर्छन् भन्ने बारे गरिएको सर्वेक्षणअनुसार ५८ प्रतिशतभन्दा बढी बन्दुक मालिकले कम्तिमा एउटा बन्दुक अनलक गर्ने गरी लुकाएर भण्डारण गर्ने गरेको पाइएको छ । एजेन्सी

## जातीय भेदभावमा परेका अश्वेत महिलालाई मुटु रोग लाग्ने सम्भावना बढी

**वासिङ्टन**/रोजगारी, आवास र प्रहरीसँगको अन्तरक्रिया लगायतका विभिन्न सन्दर्भमा जातीय भेदभावको अनुभव गरेका अश्वेत महिलालाई अन्य महिलाको तुलनामा हृदयाघात हुने सम्भावना २६ प्रतिशत बढी रहेको एक अनुसन्धानले जनाइएको छ ।

संरचनात्मक जातिवादले समाजमा विद्यमान विभेदको शिकार विभिन्न स्तरमा जरा गाडेर बसेको देखाएको छ । शिक्षा, रोजगारी, स्वास्थ्य सेवा र फौजदारी न्याय प्रणालीमार्फत पनि नजानिदो गरी जातीय भेदभावलाई बढावा दिने प्रवृत्ति विद्यमान रहेको पनि अनुसन्धानले देखाएको छ ।

“जातिवादजस्ता दीर्घकालीन मनोसामाजिक तनावले रक्तचाप र हृदय रोगको लागि अन्य जोखिमको स्तर बढाउँछ,” बोस्टन विश्वविद्यालय चोबानियनको चिकित्साशास्त्रका सहायक प्राध्यापक एवम् अनुसन्धाता शानशन शेहीले उल्लेख गर्नु भएको छ । यस्ता अनुसन्धानले जातीय विभेदको विभिन्न पक्षलाई उजागर गर्ने गरेको पाइएको छ । एजेन्सी

# विभिन्न घटनामा एक बालकसहित चार जना घाइते

**राजविराज**/सप्तरीमा शुक्रबार र शनिबार भएको छुट्टाछुट्टै दुर्घटनामा एक बालकसहित चार जना घाइते भएका छन् ।

राजबिराज नगरपालिका वडा नं. २ तेतरीगाछी चौकमा पुर्वबाट पश्चिम तर्फ जादै गरेको ना. १ज.६४३७ नं. बिड्गर र पुर्वबाट आउदै गरेको प्र.०१-०२-०४५प.२०९८ नं. को मोटरसाइकलले ठक्कर दिदा एक बालक घाइते भएका छन् ।

बाटो काट्ने क्रममा राजबिराज २ तेतरीगाछी निवासी दिपेन्द्र झाका ५ वर्षिय छोरा आदर्श झालाई ठक्कर दिँदा बाया हात भाचेको प्रहरीले जनाएको छ । उनको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचार भई रहेको तथा अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

यस्तै शुक्रबार राती जिल्लाको हनुमाननगर कंकालनी १४ बोरियाघाटस्थित पुर्वबाट पश्चिम तर्फ जादै गरेको स.५प.२४३९ नं.को मोटरसाइकलको ठक्करबाट पैदल यात्री एक महिला घाइते भएकी छिन् । सो दुर्घटनामा मोटरसाइकल चालक पनि घाइते भएको प्रहरीले जनाएको छ ।

ठक्करबाट स्थानिय पैदलयात्री ५५ वर्षिया राम कुमारी साह बाँया हातमा र दाया खुट्टमा चोट लागेको र मोटरसाइकल चालक हनुमाननगर कंकालनी ५ जोगिनियाका चन्दन यादवको दाहिने हात, कमर र घुडा मुनि चोट लागेकोले दुबैको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

यसैगरि शुक्रबारै राती जिल्लाको राजगढ ६ बर्दाहीमा भारतबाट बर्दाही तर्फ आउदै गरेको भारतीय नम्बरको बिआर३२एन६४९५जी मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको नम्बर नखुलेको मोटरसाइकलले पछाडीबाट ठक्कर दिंदा एक महिला घाइते भएकी छिन् ।

पछाडीबाट ठक्कर दिंदा भारतीय नम्बरको बिआर३२एन६४९५जी मोटरसाइकलमा पछाडी सवार राजगढ २ बनैनिया बस्ने धिरण पंडितकी २३ वर्षिया श्रीमती दुलारी देवी पंडित घाइते भएकी हुन् । उनलाई कम्मरमा भित्रि चोट लागेकोले स्थानिय मेडिकलमा उपचारका लागि भनाई गरिएको प्रहरीले जनाएको छ ।

तीनै वटा दुर्घटनाका सवारीसाधन तथा चालकलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# प्रहरीद्वारा गाजा खेती फडान गर्ने अभियान संचालन

**राजविराज**/सप्तरी प्रहरीले गाजा खेती फडान गर्ने अभियान नै चलाएको छ । गरिबीका नाममा प्रतिबन्धित र स्वास्थ्यमा गम्भिर असर पार्ने खालका यस्ता बाली उत्पादन गर्न कसैलाई छुट नदिने नीति अनुसार गाँजाको फडानी अभियान चलाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

लागू औषधको रुपमा गाँजाको प्रयोग र कारोबार बढ्दै गएपछी प्रहरीले पछिल्लो चरणमा शुक्रबार सुरुङ्गा नगरपालिका वडा नं १० सिस्वा थल्हा टोलमा लगाइएको ४ दर्जन भन्दा बढी गाँजाको बोट प्रहरीले फडानी गरी नष्ट गरेको छ ।

दुई दिन अघि मात्र प्रहरीले जिल्लाको हनुमाननगर कंकालिनी र डाक्नेश्वरी नगरपालिकाको विभिन्न स्थानमा लुकीछिपी लगाइएको दर्जनौ गाँजाको बोट फडानी गरी नष्ट गरेको थियो ।

प्रहरीले चालु आ.ब.मा सबैभन्दा बढी राजविराज नगरपालिकाको विभिन्न वडाका गरी ३ हजार १ सय ८० गाँजाको बोट नष्ट गरेको जनाएको छ ।

चालु आ.व.०७९/०८० को हाल सम्म जिल्लामा १८ मध्ये १६ वटा स्थानीयतहका विभिन्न स्थानबाट गरी १७ हजार १ सय ३८ वटा गाँजाको बोट फडानी गरी नष्ट गरिसकेको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिएका छन् । यस अवधीमा भने सप्तकोशी नगरपालिका र छिन्नमस्ता गाउँपालिका क्षेत्रबाट भने एउटा पनि गाँजाको बोट फेला नपरेको प्रहरी तथ्याङ्ले देखाएको छ ।

गत आर्थिक वर्ष २०७८/०७९ मा ८ हजार ७ सय ७२ गाँजाको बोट फडानी गरी नष्ट गरेको उनले बताए । राजविराज पछी सबै भन्दा धेरै डाक्नेश्वरी नगरपालिकाबाट २ हजार ४ सय ८५ गाँजाको बोट फडानी गरिएको प्रहरी तथ्याङ्ले देखाएको छ । यस्तै महादेवा गाउँपालिकाबाट २ हजार २ सय ४०, तिरहुत गाउँपालिकाबाट २ हजार १ सय ६, बोदेवर्साइन नगरपालिकाबाट १ हजार ७ सय ५०, अग्नीसाईर कृष्णासवरण गाउँपालिकाबाट ६ सय ५०, बिष्णुपुर गाउँपालिकाबाट ४ सय १०, शम्भुनाथ नगरपालिकाबाट ३ सय ८०, तिलाठी कोइलाडी गाउँपालिकाबाट ३ सय २० र खडक नगरपालिकाबाट २ सय १४ गाँजाको बोट नष्ट गरिएको छ ।

कंचनरुप नगरपालिकाबाट १ सय ७६, सुरुङ्गा नगरपालिकाबाट १ सय ३८, राजगढ गाउँपालिकाबाट १ सय २५, बलान बिहुल गाउँपालिकाबाट १ सय ५ तथा रुपनी गाँउपालिकाबाट ५० वटा गाँजाको बोट फडानी गरी नष्ट गरिएको छ ।

# घटनाहरु बारे प्रहरीले चलायो सचेतना अभियान

**राजविराज**/सप्तरी प्रहरीले जिल्लामा बढ्दै गएको आगलागी तथा विभिन्न समाजिक कुरिती र विकृतिका घटनाहरु बारे सचेतना अभियान चलाएको छ ।

ती घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले गाउँ गाउँमा पुगेर सचेतना अभियान सुरु गरेको तथा अभियान अन्तर्गत प्रत्येक पालिकाको टोल र विद्यालयमा पुगेर आगलागी नियन्त्रण, महिला हिंसा, दाईजो प्रथा र छुवाछुत, लागु औषधको प्रयोग र यसबाट हुने हानी, ट्राफिक व्यवस्थापन, साइबर अपराध लगायतका विषयमा सचेतना अभियान चलाइएको हो ।

सामुदायीक प्रहरी साझेदारी अवधारणा अन्तर्गत चलाइएको अभियान अहिले सुरुंगा नगरपालिका, बोदेबर्साइन नगरपालिका, खडक नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका, डाक्नेश्वरी नगरपालिकामा शूरु भईसकेको प्रहरी उपरिक्षक नरेन्द्र कार्कीले जानकारी दिए ।

यस्तै विष्णुपुर गाउँपालिका, तिलाठी कोईलाडी गाउँपालिका, राजगढ गाउँपालिका र बलान बिहुल गाउँपालिकामा समेत उक्त कार्यक्रम संचालनमा रहेको उनले बताए । अभियान अन्तर्गत प्रहरीका अनुभवी एवं तालिम प्राप्त अधिकारीद्वारा स्थानीय भरभलादमी, वालबालिका, युवा, शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई आगलागी नियन्त्रण, लागु औषध, मादक पर्दाथको नकारात्मक असर, सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, महिला हिंसा, दाईजो प्रथा र छुवाछुत, साईबर अपराध सम्बन्धि श्रब्य दृश्य मार्फत समेत प्रशिक्षण दिन थालिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

एक साता अघि सूरु भएको अभियान अन्तर्गत विहिवार सुरुंगा नगरपालिका, विष्णुपुर गाउँपालिका, डाक्नेश्वरी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका, बोदेबर्साइन नगरपालिका, खडक नगरपालिका र बलान विहुल गाउँपालिकामा आगलागी नियन्त्रण सम्बन्धि सचेतना कार्यक्रम सम्पन्न गरिसकेको डिएसपी सिंहले बताए ।

यस्तै बोदेबसाईन नगरपालिकाको विभिन्न वडामा दाइजो प्रथा तथा छुवाछुत, हनुमाननगर कंकालिनी नगरपालिकामा ट्राफिक व्यवस्थापन र राजगढ गाउँपालिकाको बनैनियामा लागु औषध सम्बन्धि सचेतना कार्यक्रम गरिएको प्रहरीले जनाएको छ ।

गर्मीको सूरुआत सँगै जिल्लाको विभिन्न स्थानमा एक महिनाको अवधीमा आगालागीका १३ घट्ना भएका छन । सोही अवधिमा आत्महत्याका ६, सवारी दुर्घट्नाका ८, महिला हिंसाका ६ घट्ना भएको प्रहरी तथ्याङ्ले देखएको छ ।

यस्ता घट्नालाई न्युनिकरण गर्न र समाजमा सचेतना फैलाउने तथा शान्त र सुरक्षित समाज निर्माण गर्नका लागी थालिएको यो अभियान क्रमिक रुपम जिल्लाको सबै १८ वटै पालिकाको गाउँ, टोल र स्कुल सम्म पुऱ्याउने लक्ष्य रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# प्रदेश १ को नाम कोशी प्रदेश

**बिराटनगर**/प्रदेश नं १ को प्रदेशसभाले प्रदेशको नाम 'कोशी' कायम गरेको छ । बुधबार बसेको सभाको दोस्रो बैठकले प्रदेशको नाम बहुमतले पारित गरेको हो ।

नेकपा (एकीकृत समाजवादी) का नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई र प्रदेशसभा सदस्य कमलप्रसाद जबेगुले संयुक्तरूपमा संशोधन प्रस्ताव दर्ता गराएका थिए । प्रदेशसभा बैठकमा राजेन्द्रकुमारको उक्त संशोधन प्रस्ताव टेबल गरेपछि ध्वनी बहुमतले अस्वीकृत भएको थियो ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit · City Express · Best Remit · Prabhu Money Transfer · रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*